# कैलारी गाउँपालिका

**कार्यपालिकाबाट स्वीकृत भएको मिति : २०८१/०६/०६**

**नेपाल सरकार र USAID को संयुक्त लगानीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट कैलारी गाउँपालिकामा सशर्त वित्तीय हस्तान्तरित USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G)सञ्चालन सम्बन्धी कार्यविधि, २०८१**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र USAID को संयुक्त लागानीबाट आ व .२०८१/०८२ मा कैलारी गाउँपालिकाको कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि का लागि सशर्त वित्तीय हस्तान्तरण मार्फत **USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G)**अन्तर्गतका कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुमानयोग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,नेपाल सरकार, विनियोजन ऐन,२०७८ को दफा ९ को उपदफा (२) बमोजिम कैलारी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G)**सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२.परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क)अनुदान् भन्नाले नेपाल सरकार र USAID को संयुक्त लगानीबाट वाट संचालन हुने **USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G)** को विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कैलारी गाउँपालिकाको कृषि क्षेत्र (आलु र तरकारी) को उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राही लाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री र उपकरण सम्झनुपर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरु लाई सम्झनु पर्छ।



राज सपक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

राज सम्भक चौधरी
गा.पा. अध्यक्ष

(ग) **"कृषि"** शब्दले बाली, बागवानी, व्यवसायिक कीट आदिका उपक्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ।

(घ) **"कृषि सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, विषादी, जैवीक पदार्थ तथा हार्मोन, कृषि चुन तथा रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामाग्री र वस्तुलाई समेत सम्झनुपर्छ।

(ङ) **"सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्धन तथा बाँध निर्माण,सिंचाईका पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरु लाई सम्झनुपर्छ।

(च) **"सामुदायिक पूर्वाधार"** भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाई पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वधार, कृषि बजार पूर्वाधार लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरु लाई सम्झनुपर्छ।

(छ) **सशर्त** कार्यक्रम भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश वा स्थानीय तहमा वा दुवैमा गएका कृषि सम्वन्धी कार्यक्रमहरु लाई सम्झनुपर्छ।

(ज) **"निजी पूर्वाधार"** भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाई, नर्सरी स्थापना ,संरक्षित संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्वन्धी विभिन्न निजी प्रयोजनका पूर्वाधारहरु लाई सम्झनु पर्छ।

(झ) **निर्देशक समिति** भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि दफा ६ बमोजिमको समिति सम्झनु पर्छ।

(ञ) **समन्वय तथा अनुगमन समिति** भन्नाले अनुदान प्रवाहकार्य लाई अनुगमन र संचालन प्रक्रियामा सहजीकरण गर्नका लागि दफा ७ बमोजिमको समिति सम्झनु पर्छ।

(ट) **बैङ्क** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तिमा "घ" बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

(ठ) **मन्त्रालय** भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ।

(ड) **प्रदेश मन्त्रालय** भन्नाले प्रदेश स्थित कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) **स्थानीय तह** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

(ण) **लक्षित वर्ग** भन्नाले कृषक, कृषि उद्यमी र उद्योगी, कृषक समूह, कृषि र कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिका सदस्य लाई सम्झनु पर्छ।



राज सम्भक चौधरी
गा.पा. अध्यक्ष

(त) <u>सम्बन्धित कार्यालय</u> भन्नाले स्थानीय तहलाई सम्झनु पर्छ।

(थ) <u>"दातृ निकाय"</u> भन्नाले अन्तर्राष्ट्रिय विकासका लागि संयुक्त राज्य एजेन्सी (United States Agency for International Development USAID) सम्झनु पर्छ ।

(द) <u>"प्रोजेक्ट"</u> भन्नाले USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) लाई सम्झनु पर्छ।

३. <u>उद्देश्य</u>

यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उद्देश्यहरु देहाय बमोजिम हुनेछन

(क) यस प्रोजेक्ट अन्तर्गतका सशर्त कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरी एकरुपता कायम गर्ने।

(ख) सशर्त कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरु लाई सुसूचित गर्ने।

(ग) सशर्त कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवं प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी वनाउने।

## परिच्छेद २

## व्यवस्थापकीय पक्ष

४. <u>अनुदान उपलब्ध गराउन सकिने</u>

स्थानीय तहले USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) अन्तर्गत स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यविधिको परिच्छेद ३ मा उल्लेखित कार्यक्रमहरुको उद्देश्य, प्रमुख क्रियाकलापहरु न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, तथा आवश्यकता अनुसार कृषि व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने र अनुदान उपलब्ध गराउन सकिने छ।

५. <u>अनुदान रकमको सीमा र प्रतिशत:</u>

USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) अन्तर्गत उपलब्ध गराइने अनुदान रकमको सीमा यस कार्यविधि अनुसार तोके बमोजिम हुनेछ। यसरी तोक्दा सार्वजनिक निकायबाट निर्माण हुने कृषि पूर्वाधारहरु (सार्वजनिक कृषि पूर्वाधार) को हकमा अधिकतम् १००%, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरु (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम् ८५%र निजी एवं व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरु (निजी कृषि पूर्वाधार) को हकमा अधिकतम् ५०% प्रतिशतमा नबढ्ने गरी हुनेछ। कृषि



राज सम्झक चौधरी
गा.पा. अध्यक्ष

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

उत्पादनका सामाग्रीहरु जस्तै: खाधान्न बालीका बीउविजन, प्राङगारिक मल, पावर टिलर, मल्चिङ्ग प्लाष्टिक, प्लाष्टिक क्रेट, डिजिटल तराजु, स्प्रेयर, पम्पसेट, ग्रेडिङ मेसिन लगायत अन्य सामाग्रीहरुको हकमा अधिकतम ५०% सम्म हुनेछ। फलामे पोलिहउस ५० प्रतिसत र तरकारीका वीउ ,सुक्ष्म खाधत्तव जैविक विषादी विभिन्न प्रदर्शनका कार्यक्रमहरु सत प्रतिसत अनुदानमा संचालन हुनेछन्।

६. <u>निर्देशक समिति:</u>

(१) स्थानीय तह मार्फत USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) अन्तर्गत सशर्त कार्यक्रम सञ्चालन तथा अनुदान प्रवाहको प्रक्रिया लाई सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय
**संयोजक**

(ख) सह-सचिव,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**सदस्य**

(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग
**सदस्य**

(घ) सह-सचिव, योजनातथा वैदेशिक सहायता महाशाखा, मन्त्रालय
**सदस्य**

(ङ) महानिर्देशक, कृषि विभाग
**सदस्य-सचिव**

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा तीन जना सम्म विषय विज्ञ वा सरोकारवाला निकायका प्रमुख वा प्रतिनिधि लाई समितिको बैठकमा आमन्त्रण गर्न सकिने छ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,
(ख) सशर्त कार्यक्रमको सम्वन्धमा स्थानीय तहसँग समन्वय गर्ने,
(ग) सशर्त कार्यक्रम कार्यान्वयनको समीक्षा तथा मूल्याङ्कन गर्ने,
(घ) कार्यविधिमा आवश्यक संसोधनका लागि मन्त्रालय समक्ष सिफारिश गर्ने,
(ङ) सशर्त कार्यक्रम सञ्चालनका सम्बन्धमा आइपरेका समस्याहरुको सम्वोधन तथा समाधानमा सहजीकरण गर्ने,



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(च) यस कार्यविधि अनुसार गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने तथा गराउने।

(४) निर्देशक समितिको बैठक एक आर्थिक वर्षमा समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(५) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**७. समन्वय तथा अनुगमन समिति:**

(१) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) सशर्त कार्यक्रमको प्रभावकारी कार्यान्वयको लागि स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(ख) स्थानीय तहका सशर्त कार्यक्रमको अनुगमन एवं समीक्षा गर्ने,

(ग) कार्यक्रम सञ्चालन सम्बन्धमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने,

(घ) यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने तथा गराउने।

**८. माग सङ्कलन:**

१. यस कार्यविधि बमोजिमका सशर्त कार्यक्रममा सहभागी हुन कार्यक्रममै तोकिएका वडा (वडा नं १ देखी ९ वडा) भित्रका लक्षित बर्गबाट माग सङ्कलन गर्न सम्वन्धित स्थानीय तहले नियमानुसार समयमै सूचना प्रकाशन गर्नेछ। कृषक/कृषक समुह/सहकारी को माग, स्थानिय आवश्यकता र सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम निवेदन संकलन गरि कार्यक्रम संचालन गर्न सकिनेछ।

२. यस कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभुत/प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक निवेदकले आवेदन पेश गर्नुपर्ने छ।

**९.लाभग्राही छनौट:**

१. USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) अन्तर्गतका कार्यक्रमहरु बाट अनुदान प्रदान गरिने कृयाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट कार्यको लागि स्थानीय तहले एक समिति गठन गर्नेछ। तर स्थानीय तहमा कृषि सम्वन्धी कार्यक्रम सञ्चालनको लागि समिति रहेको खण्डमा सोही समितिले कार्य गर्नेछ। तर



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित कृयाकलापहरु कृषि विकास शाखाले यस कार्यविधिको अधिनमा रहि सञ्चालन गर्न सक्नेछन्।

२. समितिले आवश्यकता अनुरुप विषयसँग सम्बन्धित पदाधिकारी, विज्ञ, संघ एवं प्रदेश सरकारको जिल्ला स्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३. दफा ९ (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) यस कार्यविधि बमोजिममु ल्याङ्कन तथा छनौटको आधारहरु तयार गर्ने,
(ख) प्राप्त निवेदनहरुको मुल्याङ्कन गरी अनुदान ग्राही छनौट गर्ने,
(ग) छनौट भएका अनुदानग्राही लाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने,
(घ) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने,
(ङ) अनुदान रकमको किस्ता अनुदानग्राही लाई भुक्तानी गर्न सिफारिस गर्ने,
(च) सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्य सम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने,
(छ) कार्यक्रम अनुगमन गरी पृष्ठपोषण गर्ने।

(४) स्थानीय तहको हकमा समितिको सचिवालयको कार्य कृषि विकास शाखाले गर्नेछ ।

(५) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिश, अनुगमन तथा भुक्तानी सिफारिश लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले कार्य समूह बनाउन सक्नेछ।

१०. अनुदान प्रवाह:

१. सशर्त कार्यक्रम अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा अनुदानग्राहि लाई प्रदान गरिने सेवा सुविधा सम्वन्धी व्यवस्था दफा ५ अनुसार स्थानीय तहले निर्णय गरे बमोजिम हुनेछ।

२. यस कार्यविधि बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समय सारणी एवं अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित कार्यालयले अनुदाग्राहीसँग सम्झौता गर्नेछ।

३. अनुसूची ३ अनुसार हुने सम्झौता बमोजिम सम्वन्धित कार्यालयले अनुदानग्राही लाई अनुदान भूक्तानी गर्नेछ।

४. सम्झौता बमोजिम अनुदानग्राहीको तर्फबाट व्यहोर्नु पर्ने/लगानी गर्नुपर्ने रकमको सुनिश्चितताको लागि आवश्यकता अनुसार सम्झौता गर्नु अघि सम्बन्धित पक्षबाट लगानी गर्नुपर्ने रकम बराबरको जमानत (नगद, धरौटी वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैंक ग्यारेन्टी वा जगेडा कोष वा पूँजी प्रमाणित हुने कागजपत्र) सम्वन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

५. अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्तिकर्ताको प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सवैभन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ। अनुदानग्राहीले सूची सार्वजनिक गरिएका आपूर्तिकर्ता मध्ये आफूले चाहेको ब्राण्डको आपूर्ति कर्ताबाट तोकेको मूल्य तिरी सामग्री वा उपकरण खरिद गर्न सक्नेछ । यसरी खरिद गरेको अवस्थामा पनि अनुदानको रकम भने सम्वन्धित कार्यालयले निर्धारण गरेको भन्दा बढी हुने छैन।

११. <u>अनुदानको भुक्तानी:</u>

१. नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै अनुदान ग्राहीको बैङ्क खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ।

२. अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ। कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ।

३. अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र सम्वन्धित कार्यालयले अनुदान तर्फको रकम भुक्तानी दिनेछ।

१२. <u>कार्यक्रम अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन:</u>

(१) विवरण प्रकाशन गर्नुपर्ने:

कार्यक्रम सञ्चालनको लागि छनौट भएको क्षेत्र/क्लष्टर, छनौट भएको विषय, अनुदानग्राही सँग भएको सम्झौताको विवरण सम्वन्धित कार्यालयले नियमित अध्यावधिक गरी प्रकाशन गर्नेछ।

(२) प्रगति प्रतिवेदन पठाउनु पर्ने:

सम्वन्धित कार्यालयले त्रैमासिक एवं वार्षिक प्रगति विवरण अनुसूची-५



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

बमोजिमको ढाँचामा कृषि विभाग र सम्बन्धित दातृ निकायमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(३) अनुगमन र मूल्याङ्कनः

कार्यक्रमको अनुगमन संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, दातृ निकाय र स्थानीय तहबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

## परिच्छेद ३

## कार्यक्रम र प्राविधिक पक्ष

यस परिच्छेदमा आर्थिक बर्ष २०८१/८२ मा संघीय सशर्त वित्तिय हस्तान्तरण मार्फत कैलारी गाँउ पालिकाले कार्यान्वयन गर्ने गरी स्वीकृत भएका USAID ग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) अन्तर्गतका कार्यक्रमहरुको कार्यक्रम गत परिचय, उद्देश्य, कार्यक्रंम अन्तगर्त सञ्चालन गर्न सकिने प्रमुख क्रियाकलाप, पालना गर्नुपर्ने न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय जस्ता प्राविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ।

**१३. कार्यक्रमको नामः Cultivation of vegetables within protected structures (Iron structure Plastic house)**

(१) परिचयः

तराइ क्षेत्रमा बेमौषमी तरकारी खेतीको लागि उपयुक्त प्रविधिको रुपमा रहेको प्लाष्टिक घर भित्र तरकारी खेती लाई दिगो एवं व्यवसायिक रुपमा अगाढी बढाई कृषकहरुको आय आर्जनमा बृद्धि गर्नको लागि संरक्षित संरचना (फलामे पोलिहाउस) भित्र तरकारी खेती कार्यक्रम कार्यान्वयनको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उद्देश्यः

(क) बेमौषमी तरकारी उत्पादन बृद्धि गर्ने।

(ख) रोग किराको प्रकोप न्युनिकरण गरि स्वच्छ तथा प्राङ्गारिक उत्पादन तर्फ कृषकहरु लाई उत्प्रेरित गर्ने।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(ग) बेमौसमी तरकारी उत्पादन बाट कृषकहरुको आय आर्जनमा बृद्धि गर्ने।

(३) लक्षित समुह:

(क) कार्यक्रम लागु भएका वडा भित्रका ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कृषी फर्म कम्पनीहरु ।

(ख) शहर आसपास (Peri-Urban Area) तथा संभाव्य अन्य क्षेत्रका व्यवसायिक उत्पादन क्षेत्र, सिंचाइ तथा सडकको सहज पहुँच भएका एवं सघन खेति प्रणाली भएका क्षेत्रमा प्राङ्गारिक खेति गर्न ईच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु ।

(ग) हाल सम्म कुनै सरकारी अनुदान नपाएका पोलीहाउस भित्र तरकारी खेती गर्न इच्छुक कृषक, कृषक समूह, सहकारी, निजी कम्पनीहरु।

(४) प्रमुख क्रियाकलापहरु:

(क) पोलीहाउस भित्र तरकारी खेती सम्बन्धी तालिम ।

(ख) पोलीहाउस भित्र तरकारी खेतीको लागि आवश्यक सामाग्रीहरु वितरण ( मल्चिङ्ग प्लाष्टिक, इन्सेक्ट नेट,थोपा सिंचाई, प्राङगारिक मल, वनस्पतिक विषादी, शुक्ष्म जैविक मल आदि)

(ग) मूल्य अभिवृद्धि तथा बजारीकरण गर्ने कार्यमा सहयोग

(५) अपेक्षित उपलब्धिहरु:

(क) बेमौषमी तरकारीको उत्पादन बढ्न गइ कृषकहरु बेमौषमी तरकारी उत्पादन तर्फ उन्मुख हुने ।

(ख) तरकारी उत्पादनमा वृद्धि हुने ।

(ग) कृषकहरुको आय स्तरमा वृद्धि हुने ।

(६) अनुदान प्रतिशत र अधिकतम सीमा यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम मापदण्ड/प्रासङ्गिक बिषय:

क. फलामे पोलिहाउस निर्माणको लागि अनुदानग्राहीले दफा ५ बमोजिमको अनुदानमा साझेदारी गर्न मञ्जुर हुनपर्नेछ । एक जना अनुदान ग्राहीले कम्तिमा २ वटा पोलीहाउस बनाउन लागत साझेदारी गरिनेछ ।

राज सम्यक्क चौधरी
गा.पा. अध्यक्ष

ख. एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै पोलिहाउस बनाउने गरि प्रस्ताव गरेमा त्यस्ता फर्म, समूह, सहकारीलाई प्राथमिकतामा दिइनेछ।

ग. उत्पादन सामग्रीहरु जस्तै उपयुक्त जातका बीउ, प्राङ्गगारिक मल, जैविक विषादी तथा विषादी बनाउने सामग्रीहरुमा अनुदान ।

घ. उत्पादन सामग्रीहरु, प्याकेजीङ्ग, ढुवानी गर्ने सामग्रीहरु तथा लेवलिङ्गका लागि आवश्यक पर्ने सामग्रीहरुमा अनुदान।

ङ. कार्यालयका प्राविधिकले फलामे पोलिहाउसको डिजाईन इष्टिमेट तयार गरि न्युन लागत तोकी कार्यालयको अनुदान र अनुदानग्राहीको लागत खुलाई द्विपक्षिय सम्झौता गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. **कार्यक्रमको नाम: Farmers Training (Training material included)**

(१) परिचयः

(क) तरकारी खेती र प्लाष्टिक घरभित्र तरकारी खेती सम्बन्धी कृषकहरुलाई सैद्वान्तिक एवं व्यवहारिक ज्ञान सीप दिनको लागि यो कार्यक्रम संचालन गरिने छ । तरकारी खेतीमा प्रयोग भइरहेका नयाँ नयाँ प्रविधिहरु लाइ कृषक समक्ष पुर्याउन यो तालिम कार्यक्रमले सहयोग पुग्नेछ।

(२) उद्देश्यः

(ख) तरकारी खेती गर्ने कृषकहरु लाई उन्नत प्रविधि बारे ज्ञान सीप प्रदान गर्ने।

(ग) कृषकहरु लाई गुणस्तरिय, प्राङगारिक र बजारमुखी तरकारी उत्पादन गर्न सहज हुने।

(घ) कृषकहरु लाई रोजगारी तथा आय आर्जनका अवसरहरु सिर्जना गर्ने।

(३) लक्षित समुहः

यस कार्यक्रम बाट फलामे पोलिहाउस निर्माण गर्ने कृषकहरु र अन्य व्यवसायिक तरकारी खेती गरिरहेका र गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्महरु।

(४) प्रमुख क्रियाकलापहरुः

(क) तरकारी खेती सम्बन्धी तालिम संचालन।

(ख) तालिम संग सम्बन्धित सामाग्रीहरु (बीउ, विषादी, हजारी, स्प्रेयर, मल्चिङ्ग प्लाष्टिक, विरुवा उमार्ने ट्रे, कोकोपिट आदि) वितरण।

(ग) नमुना पोलिहाउस निर्माण (बाँसको)।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(५) अपेक्षित उपलब्धिहरुः

(क) तरकारी खेती सम्बन्धी तालिम संचालन भइ कृषकहरुको ज्ञान सीपमा बृद्धि हुनेछ।

(ख) स्वच्छ, प्राङगारिक र व्यवसायिक तरकारी उत्पादनमा बृद्धि हुनेछ।

(ग) स्वरोजगार तथा थप रोजगारीको अवसर सिर्जना हुनेछ।

(६) अनुदान प्रतिशत र अधिकतम सीमाः यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषयः

(क) कार्यक्रम लागु भएका वडाका फलामे पोलिहाउस निर्माण गर्ने कृषकहरु र अन्य कृषकहरु लाई तालिममा सहभागी गराइनेछ।

(ख) तालिममा सिकेका प्रविधिहरु कृषकले आफनो खेतवारीमा लागु गर्नुपर्नेछ।

(ग) तालिम पश्चात कृषकहरुले बार्षिक कार्ययोजना तयार गरि व्यवसाय शुरु गर्नुपर्ने छ।

(घ) तालिम कार्यक्रमको सहभागी संख्या, विषयवस्तु, आवश्यक तालिम सामाग्री, प्रयोगात्मक अभ्यासको लागि आवश्यक सामाग्रीहरु को लागि लागत अनुमान तयार गरी सो को आधारमा न्युन लागत तोकी खर्च गर्न सकिनेछ।

## १५. कार्यक्रमको नामः Improved technology promotion

(१) परिचयः

तरकारी खेतीमा प्रयोग भइरहेका नयाँ नयाँ प्रविधिहरु लाई कृषकहरु को खेतमा परिक्षण गर्नको लाग यो कार्यक्रम संचालन गरिनेछ। बढदो तरकारीको माग को आपुर्ति को लागि केवल मौषमी तरकारी बाट मात्रै सम्भव नहुने भएकोले बेमौषमी तथा व्यवसायिक तरकारी उत्पादनका उन्नत प्रविधिहरुको प्रदर्शन मार्फत कृषकहरु लाई प्रविधि अनुसरणको लागि उत्प्रेरित गरिनेछ।

(२) उद्देश्यः

(क) उन्नत प्रविधिहरुको प्रयोग बाट बेमौषमी तथा व्यवसायिक तरकारी उत्पादनमा बृद्धि गर्ने।

(ख) साना एवं मझौला कृषकहरुलाई व्यवसायिक कृषक बनाउने।

(३) लक्षित समुहः



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

आफ्नो खेतमा प्रदर्शन कार्य गर्न इच्छुक कृषक, कृषक समुह, सहकारी तथा नीजि फर्म।

(४) प्रमुख क्रियाकलापहरु:

(क) तरकारी खेतीमा परम्परागत र आधुनिक प्रविधि प्रदर्शन।

(५) अपेक्षित उपलब्धिहरु:

(क) कृषकहरुले नयाँ प्रविधिहरु सिकेर उक्त प्रविधिहरु अवलम्बन गर्नेछन।
(ख) उन्नत प्रविधिहरुको प्रयोग बाट उत्पादन मा बृद्धि हुनेछ।
(ग) स्वरोजगार तथा थप रोजगारीको अवस्था सिर्जना हुनेछ।

(६) अनुदान प्रतिशत र अधिकतम सीमा: यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम शर्त/ मापदण्ड /प्रासङ्गिक बिषय:

(क) प्रदर्शन स्थलको छनौट गर्दा तरकारी खेती गरिने क्षेत्रमा गर्नुपर्दछ। प्रसस्त घाम लाग्ने पारिलो ठाँउ, सिंचाइ सुविधा भएको, घर नजिकको प्लट छान्नु पर्दछ।
(ख) १ कठ्ठा मा परम्परागत प्रविधि र १ कठ्ठा उन्नत प्रविधि प्रदर्शनको लागि जमिन छनौट गर्नुपर्दछ।
(ग) प्रदर्शन स्थल छनौट गर्दा तरकारी खेती गरिरहेको, तरकारी खेती सम्बन्धी तालिम लिएको र नयाँ प्रविधि अनुसरण गर्न इच्छुक कृषकलाई प्राथमिकता दिनु पर्नेछ।
(घ) छनौट गरिएको प्रदर्शन स्थलको रेखदेख कृषकले गर्नुपर्नेछ।
(ङ) प्रदर्शन स्थल नजिक श्रमिकहरु सजिलै उपलब्ध हुन सकिने र सडकसँग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ।
(च) प्रदर्शन कार्यको लागि आवश्यक बीउ, विषादी, प्लाष्टिक सिट, झारी, स्प्रेयर, सिंचाई पाइप लगायतका अन्य आवश्यक सामाग्रीहरु सत प्रतिसत अनुदानमा दिइ प्रति प्रदर्शनमा स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरि सोको आधारमा खर्च गर्न सकिने छ।

१६. कार्यक्रमको नाम: Minikit/Seed distribution

(१) परिचय:

कूनैपनि नयाँ/उन्नत बीउहरुको अनुसन्धान केन्द्र तथा कृषकको घरवारीमा जातीय परिक्षण गरी सिफारिस भएका नयाँ जातहरुलाई अथवा भविष्यमा सिफारिस



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

हुनसक्ने नयाँ/उन्नत जातहरुलाई कृषकको वातावरणमा पुऱ्याई यथासिघ्र चाँडो विस्तार गर्न र आवश्यक सुधारको लागि कृषकहरु बाट थप जानकारी तथा प्रतिक्रिया संकलन गरिने कार्यक्रम लाई उन्नत बीउ किट भनिन्छ। उन्नत बीउ किट बाट कृषि प्रविधिको प्रसार र मूल्याङ्कन एकैपटक गरिने हुँदा यो कार्यक्रम कम खर्चिलो र प्रभावकारी हुन्छ। कूनै स्थान विशेषमा सफलता पाएको कुनै पनि उन्नत या स्थानिय जातको बीउलाई सोही स्थानको हावापानी संग मिल्ने अन्य कुनै ठाँउमा उन्नत बीउ किट वितरण मार्फत विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उद्देश्यः

(क) कूनै स्थानमा लोकप्रिय भएको बालीको बीउ त्यस स्थानको आसपासका कृषकहरु लाई जानकारी दिन सो बीउ प्रसारण गर्न।

(ख) परिक्षण केन्द्रमा उपयुक्त ठहर भएका नयाँ/उन्नत जातहरु कृषकको घरवारीमा पुऱ्याई विस्तार गर्ने र सो जातबारे अनुसन्धा कर्तालि कृषकको प्रतिक्रिया जानकारी प्राप्त गर्ने।

(ग) कृषकहरु लाई राम्रो जात र प्रविधिहरु उनीहरुलाई नै छनौट गर्ने अवसर दिने।

(घ) नयाँ जातबारे कृषक र प्रसार कार्यकर्तालाई उपयोग गर्न विश्वास दिलाउने।

(३ लक्षितसमुहः कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्वन्धित समितिहरु।

(४ प्रमुख क्रियाकलापहरुः

(क) विभिन्न तरकारी बालीका नयाँ/उन्नत जातका बीउहरु निशुल्क वितरण।

(५) अपेक्षित उपलब्धिहरुः

(क) नयाँ/उन्नत तरकारी बालीहरुका जातहरुको प्रसार हुने।

(ख) उन्नत प्रविधि प्रसारमा टेवा पुऱ्याउने।

(६) अनुदान प्रतिशतरअधिकतम सीमाः यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषयः

(क) कूनै एकठाँउमा लोकप्रिय देखिएका स्तरीय बीउ खरिद गरी स-साना प्याकेटमा राखी निम्न कागजातहरु संलग्न राखी कृषकहरुलाई वितरण गर्नुपर्दछ।

(ख) बीउको जात, बीउ लगाउने समय, मल हाल्ने समय, सिंचाई गर्ने र कटानी गर्ने समय, अनुमानित उत्पादन, बीउ उपलब्ध हुने क्षेत्रहरु आदि विवरण भएको कागजात बाट सो बारे कृषकहरु लाई जानकारी गराउनुपर्दछ।

(ग) बाली अनुसार तराइका हकमा ५ कठ्ठा क्षेत्रफलमा उन्नत बीउ किट वितरण गर्न सकिनेछ।

(घ) प्याकिङ्ग खर्च लगायत सामाग्रीहरुको लागि आवश्यक रकम स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

**१७ कार्यक्रम नामः धान बाली कार्यक्रम**

१. धान बाली कार्यक्रम अन्तर्गत बर्खे र चैते धान क्षेत्र विस्तारका लागि धानका उन्नत विउ ५० प्रतिशत अनुदानमा वितरणा गर्न सकिनेछ ।

२. अनुशन्धान बाट सिफारिस एवंम नेपालमा विकास भइ उन्मोचन गरिएका चैते र मसिना जातको धान एवम नेपाली हाइब्रिड धानका क्षेत्रफल विस्तारका लागी प्रति कषक १ किलो का दरले उन्नत जातको विउ किट सतप्रतिशत अनुदानमा वितरण गर्न सकिने छ ।

३. उच्च उत्पादन दिने नेपालमा विकास भएका मसिनो जात ( नेपाली हाइब्रिड समेत) धानका वृहत क्षेत्र प्रदशनी का लागी तराइमा कम्तीमा ५ कट्ठा क्षेत्रफलमा प्रदशनका क्रियाकलाप गर्न सकिने छ । उक्त क्षेत्रफलमा संचालन गिरने प्रर्दसनमा प्रयाग गरिने विउ ,डि.ए.पी.२ के.जी. ,युरिया ७ के.जी. म्युरेट अफ पोटास ३ के.जी. शतप्रतिशत अन्नुदानमा एवंम प्रर्दशन बोर्डको खर्च उपलब्ध गराउन सकिनेछ ।

४. अनुदान प्रतिशत अधिकतम सिमा यस कार्यविधिको दफा ५ वमाजिम हुनेछ।

**१८. कार्यक्रमको नामः IPM Farmers Field School (FFS)**

(१) परिचयः कृषकहरुको २०-२५ जनाको समुहलाई समस्यामा आधारित रहि कृषकको खेतवारीलाई पाठशालाको रुपमा लिई सोहि खेतमा व्यवहारिक, प्रयोगात्मक र खोजपूर्ण तरिकाहरु अपनाई नियमित बाली पर्यावरण प्रणालीको अवलोकन, विश्लेषण तथा समुह छलफलको आधारमा आ-आफैले ठोस निर्णय लिएर तत्काल आएका समस्याहरु समाधान गर्न सकिने गरि दक्ष हुने वातावरण सिर्जना गरिन्छ। आधुनिक कृषि प्रविधिको प्रचार प्रसारको लागि यो एउटा सशक्त माध्यम हो यसमा प्रयोग गरेर सिक्ने (**Learning by Doing**) भन्ने मूल मन्त्रमा आधारित रहेर सिक्ने सिकाउने कार्य सञ्चालित हुन्छन । यसमा किसान स्वं तथा कृषि प्रसार कार्यकर्ताले प्राप्त गरेको अनुभव तथा अवलोकनहरुलाई परस्परमा ग्रहण गर्ने गरिन्छ यसरी सहभागीहरु शिक्षामूलक

वातावरणमा रहि समुह निर्माण, परिचालन, बिरुवाको अवस्था, बाली पर्यावरणीय प्रणाली, मित्र जीव शत्रुजीव आदिको नियमित अवलोकन गरि बोट बिरुवा बृद्धि संगै आएका परिवर्तनहरुको यथोचित विश्लेषण गरि आफ्नो ज्ञानको भण्डारणलाई बृद्धि गर्दै जान्छन ।

(२) उद्देश्यः

(क) कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागीतात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले कृषकहरुमा र अन्ततोगत्वा कृषक बाट कृषकहरुमा नै जानकारी तथा चेतना जागई प्रविधि हस्तान्तरणमा कृषक स्वंयमलाई आ-आफ्नो खेतवारीमा कृषि पर्यावरण विश्लेषण (**Agro-Ecosystem Analysis**)गराई बाली संरक्षण गर्दा दिगो रुपमा पर्यावरण लाई जोगाई कृषि उत्पादनमा बृद्धि ल्याई खाद्य सुरक्षामा सहयोग गरि कृषक स्वयंलाई दक्ष बनाउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ।

(३)लक्षितसमुहः कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु।

(४) प्रमुख क्रियाकलापहरुः

(क) कृषक पाठशाला सञ्चालनको लागि तयारी बैठकहरु

(ख) माटो परिक्षण

(ग) सामाजिक आर्थिक विश्लेषण, व्यक्तिगत योजना तयार गर्ने

(घ) समुह विभाजन

(ङ) दिन समय निर्धारण

(५) अपेक्षित उपलब्धिहरुः

(च) रोग किरा रहित स्वस्थ बाली उत्पादन

(छ) खेतबारीको नियमित अवलोकन्

(ज) प्राकृतिक मित्रजिवहरुको संरक्षण गर्नु

(झ) आफ्नो खेतवारी तथा बालीनालीको अवस्था बारेमा आफै विज्ञ हुने।

(६) अनुदान प्रतिशतर अधिकतम सीमा: यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम शर्त/ मापदण्ड /प्रासङ्गिक बिषयः

(क) कृषक पाठशाला सञ्चालन गर्नु अगाडी आई.पि.एम. सहजकर्ता (IPM



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

Facilitator)/आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator), जनप्रतिनिधि, स्थानिय तहका कृषि प्राविधिक, कृषि ज्ञान केन्द्रका विषय विशेषज्ञ (SMS) समेत स्थलमा गई स्थानिय तहले निर्धारण गरेका पकेट क्षेत्रहरुमा गठन भईसकेका, पुर्न गठन गर्नुपर्ने भए सो गरी नयाँ कृषक, महिला वा मिश्रित समुहको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समुह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने ।

(ख) तुलनात्मक अध्ययन तथा परीक्षणहरु सञ्चालन गर्न आवश्यक जग्गा (अन्न बालीको लागि , तराईमा १००० वर्ग मि. र आलु/तरकारीको लागि ५०० वर्ग मि.) खेत/वारीको छनौट गर्ने र कृषकहरु जम्मा भई छलफल गर्ने स्थानको निर्धारण गर्ने।

(ग) आई.पि.एमं. सहजकर्ता (IPM Facilitator) वा आई.पि.एम. कृषक सहजकर्ता (IPMFarmer Facilitator)हरुसंग करारनामा गराई जिम्मेवारी दिई पाठशाला सञ्चालन गराउने।

(घ) बर्ष भरिमा एकै स्थानमा बढीमा ३ बालीमा, बाली अवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ बजे देखि १२ बजे सम्म अध्ययन र तालिम सञ्चालन गर्ने।

(ङ) हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकहरुमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरु लाई अध्ययन स्थल भ्रमण, स्टल निरीक्षण, सांस्कृतिक कार्यक्रम मध्य नजर गराई कृषक दिवस मनाउदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुला २ प्रमाण पत्र वितरण सहितको एक समापन समारोह सञ्चालन गर्ने।

(च) यस आई.पि.एम. कृषक पाठशाला कार्यक्रमलाई कृषक स्तरमा पुऱ्याई निरन्तरता र दिगो रुप दिन अर्को बर्षदेखि अनुसरण (Followup)कार्यक्रम सञ्चालन गर्ने र यसको लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने।

(छ) पाठशाला सञ्चालनको लागि आवश्यक सामाग्रीहरु स्थानिय दररेटका आधारमा लागत अनुमान तयार गरि सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

## १९. कार्यक्रमको नाम: High tech vegetable nursery Establishment

### (१) परिचय:

उच्च प्रविधिको प्रयोग गरी विभिन्न तरकारी बालीहरुको बिरुवा उत्पादनका लागि नयाँ नर्सरी स्थापना गर्ने कार्यक्रम रहेको छ। उच्च प्रविधि युक्त नर्सरी अन्तर्गत संरक्षित नर्सरी संरचना, सिचाई सुविधा, आंशिक वातावरण अनुकुलित गराउन

प्रविधि जडित संरचनाहरु लगायतका गुणस्तरीय तरकारी बिरुवा उत्पादनमा प्रयोग गरिने प्रविधिहरु पर्दछन्।

**(२) उद्देश्यः**

१. उच्च प्रविधि युक्त नर्सरी स्थापना गरी विभिन्न तरकारी बालीहरुको गुणस्तरीय बिरुवा उत्पादन गर्ने।

२. गुणस्तरीय तरकारी विरुवाको सहज आपूर्ति/उपलब्धतामा सहयोग पुर्याउने।

३. कृषकहरुलाई रोजगारी तथा आयआर्जनका अवसरहरु सिर्जना गर्ने।

**(३) लक्षित समुहः**

उच्च प्रविधि युक्त फलफूल नर्सरी स्थापना गर्न ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/निजी फर्महरु ।

**(४) प्रमुख क्रियाकलापहरुः**

(क) स्क्रिन हाउस/एग्री नेट/सेड हाउस /ग्रिन हाउस/ग्लास हाउस निर्माण कार्यमा लाग्ने सामाग्री सहयोग।

(ख) लागत साझेदारीमा नर्सरी सामाग्री (औजार उपकरण, विरुवा प्याकेजिङ्ग सामाग्री) खरिद सहयोग।

**(५) अपेक्षित उपलब्धिहरुः**

(क) उच्च प्रविधि युक्त नयाँ नर्सरी स्थापना भई तरकारी बिरुवाको आपूर्तिमा बृद्धि हुनेछ।

(ख) कृषकको माग अनुसारको गुणस्तरीय फलफूल विरुवाको आपूर्ति सहज हुनेछ।

(ग) स्वरोजगार तथा थप रोजगारीको अवसर सिर्जना हुनेछ।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

**(७) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषयः**

(क) यस कार्यक्रम अन्तर्गत स्थापना हुने नर्सरीहरुको मुख्य उत्पादन तरकारीका बिरुवा हुनु पर्नेछ र अन्य उत्पादनको रुपमा फलफुल, आलंकारिक बिरुवा समेत समावेश गर्न सकिनेछ।

(ख) सम्बन्धित बालीको बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त स्थानमा नर्सरी स्थापना गर्नु पर्नेछ।

राज सम्भक चौधरी
गा.पा. अध्यक्ष



CamScanner

(ग) संरक्षित संरचनामा तरकारीको बिरुवा उत्पादनको लागि नर्सरीको क्षेत्रफल कम्तीमा ३ कठ्ठा हुनुपर्नेछ।

(घ) आफ्नै स्वामित्वको जग्गा नभई करारमा लिई नर्सरी स्थापना गर्न चाहेमा वा गरेको भएमा कम्तिमा पनि १० बर्षको लागि करार सम्झौता गरेको हुनु पर्नेछ।

(ङ) नर्सरी ब्यवस्थापन तथा बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको ब्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

(च) कृषि विषय अध्ययन गरी नर्सरी स्थापना गर्न चाहने व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

(छ) बर्षैभरी पानीको उपलब्धता सुनिश्चित भएको स्थान हुनु पर्नेछ। बिजुली तथा संचार सुविधा भएको हुनु पर्नेछ।

(ज) नर्सरी भएको स्थानमा कुशल श्रमिकहरु सजिलै उपलब्ध हुन सकिने वा तालिम दिएर सीप सिकाउन सकिने जनशक्तिको उपलब्धता, यातायात र मुख्य सडकसँग पहुँच भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ।

(झ) बार्षिक बिरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

**२०.कार्यक्रमको नाम: Plastic crate distribution for Post-harvest management**

**(१) परिचय:**

तरकारी बालीहरुको उत्पादनोपरान्त क्षति न्यूनिकरण गर्न कृषि उत्पादन लाइ बजार सम्म पुऱ्याउनको लागि कृषकहरुलाई अनुदानमा प्लाष्टिक क्रेट वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

**(२) उद्देश्य:**

(क) तरकारी बाली हरुको उत्पादनोपरान्त क्षति न्यूनिकरण गर्ने।

(ख) बाली टिप्न सहज हुने।

(ग) कृषि उपजको बजार सम्म ढुवानीको लागि सहज हुने र क्षति कम हुने।

**(३) लक्षित समुह:** कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

**(४) प्रमुख क्रियाकलापहरु:**

(क) प्लाष्टिक क्रेट वितरण।

**(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय:**

(क) व्यवसायिक रुपमा तरकारी खेती गर्ने कृषकहरु र कृषकको उपज खरिद गरि विक्रि गर्ने सहकारी संस्थालाई लाई प्राथमिकता दिने।

२१. कार्यक्रमको नाम: Digital balance distribution

(१) परिचय:

तरकारी बालीहरुको उत्पादन लिइसकेपछि बजार पठाउदा आफनो उत्पादनको परिमाण थाहा पाउन कृषकहरुलाई अनुदानमा डिजिटल व्यालेन्स वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उद्देश्य:

(क) कृषकले आफ्नो उत्पादन परिमाण थाहा पाउने।
(ख) प्याकेजिङ्ग गर्न सहज हुने।
(ग) बजारको माग अनुसार बाली टिप्न सकिने।

(३) लक्षित समुह: कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

(४) प्रमुख क्रियाकलापहरु:

(क) डिजिटल व्यालेन्स वितरण गर्ने।

(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय:

(क) व्यवसायिक रुपमा तरकारी खेती गर्ने कृषकहरु र कृषकको उपज खरिद गरि विक्रि गर्ने सहकारी संस्थालाई लाई प्राथमिकता दिने।

(ख) स्थानिय दररेटका आधारमा लागत अनुमान तयार गरि सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

२२. कार्यक्रमको नाम: Inter District Farmers visit

(१) परिचय:

कार्यक्रम लागु भएका क्षेत्रका कृषकहरु लाई तरकारी खेती सम्बन्धी नयाँ नयाँ प्रविधिहरु सम्बन्धी अन्तर जिल्ला अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ । देखेको कुरा सिकिन्छ भन्ने कृषि प्रसारको अवधारणा अनुसार कृषकहरु लाई अन्तर जिल्ला भ्रमण गराईनेछ। यस्तो भ्रमणबाट कृषकहरुले विभिन्न जिल्लाहरुमा भएका कृषि प्रविधिहरु बारे अवलोकन गरी सिक्ने मौका पाँउदछन ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष



CamScanner

(२) उद्देश्य:

(क) कृषकहरुलाई नौलो एवं उन्नत प्रविधिहरु देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुऱ्याउनु।

(ख) विभिन्न जिल्लाहरुका उत्कृष्ट कृषक समुहहरुको उत्पादन स्थल वा फर्महरुमा भ्रमण गराई नयाँ नयाँ कृषि प्रविधिहरुको अवलोकन गर्ने मौका प्रदान गर्नु।

(३) कार्यक्रमको प्रविधिक पक्ष/सञ्चालन प्रक्रिया:

(क) भ्रमणको लागि केहि पढेका, सिक्न र सिकाउन सक्ने र सिकाउने भावना भएका कृषक छनौट गर्नुपर्दछ।

(ख) भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थान आदि) अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरु तय गरीभ्रमण कार्य प्रारम्भ गर्नुपर्दछ।

(ग) भ्रमणको क्रममा सबैलाई अवलोकन गर्ने र सिक्ने वातावरण सिर्जना गरि दिनुपर्छ र भ्रमणको अन्त्यमा समिक्षा गर्नुपर्दछ।

(घ) भ्रमणमा सहभागी कृषकहरु २५ देखि ३० जना सम्म मात्र हुनुपर्दछ।

(ङ) अन्तर जिल्ला कृषक भ्रमण कार्यक्रम बढीमा ७ दिनको मात्र सञ्चालन गरिनेछ।

(च) भ्रमण कार्यक्रमको लागि लागत अनुमान तयार गरि सो को आधारमा खर्च गर्न सकिनेछ।

२५. <u>कार्यक्रमको नाम: **Drip Irrigation**</u>

(१) परिचय:

सिंचाई सुविधा कम भएको क्षेत्रमा तरकारी खेती गर्ने कृषकहरुको लाई प्लाष्टिक टनेल भित्र थोपा सिंचाईको माध्यमबाट सिंचाई सुविधा पुऱ्याउनको लागि तरकारी खेती गर्ने कृषकहरुलाई थोरै पानीको सदुपयोगबाट बढी उत्पादन लिनको लागि यो कार्यक्रम संचालन गरिनेछ।

(२) उद्देश्य:

(क) कृषकहरुको बालीनालीमा सिंचाई सुविधा पुऱ्याई उत्पादनमा बृद्दि गर्नु।

(ख) उत्पादन बृद्धि भइ आम्दानीमा बृद्धि गराउनु।

(३) लक्षित समुह: तरकारी खेती गर्ने कृषक /कृषक समुह/कृषि सहकारी/कम्पनी/ फर्महरु।

(४)प्रमुख क्रियाकलापहरु:

(क) थोपा सिंचाई सेट वितरण।

(५) अपेक्षित उपलब्धिहरु:

(क) उत्पादन तथा उत्पादकत्व वृद्धि सहयोग पुग्नेछ।

(ख) व्यवसायिक उत्पादन बद्धि भई व्यवसायिकरणमा टेवा पुग्नेछ।

(६) अनुदान प्रतिशतर अधिकतम सीमा: यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:

पोलिहाउस भित्र तरकारी खेती गर्ने र सिंचाईको सुविधा कम भएका क्षेत्रका कृषकहरु लाई आवश्यकताको आधारमा प्रचलित स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरी सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

२७. कार्यक्रमको नाम: Power Tiller distribution

(१) परिचय:

आधुनिक कृषि प्रणालीको एउटा महत्वपूर्ण पक्षको रुपमा रहेको यान्त्रिकरणले खेती कार्यलाई निकै सहज बनाइ दिएको छ।उत्पादन लागत न्युनिकरण गरि व्यवसायिकता तर्फ जान कृषकहरु लाई प्रेरित गरिरहेको छ।कृषकहरुको कार्यबोझ घटाउन र युवा कृषकहरु लाई कृषिमा लाग्न उत्प्रेरित गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उद्देश्य:

(क) उत्पादन लागत घटाउने।

(ख) कृषकहरु लाई व्यवसायिकरण तर्फ जान उत्प्रेरित गर्ने।

(ग) बाझो जमिनको सदुपयोग हुने।

(३) लक्षित समुह: कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

(४) प्रमुख क्रियाकलापहरु:

(क) पावर टिलर वितरण ।

(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय:

(क) व्यवसायिक रुपमा आलु र तरकारी खेती गर्ने कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु लाई प्राथमिकता दिने।

(ख) पछिल्ला दुई आर्थिक बर्षमा पावर टिलर खरिदमा अनुदान नपाएका कृषकहरु लाई प्राथमिकता दिईनेछ।

(ग) स्थानिय दररेटका आधारमा लागत अनुमान तयार गरि सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

२८. कार्यक्रमको नाम: Power sprayer distribution

(१) परिचय:

आलु र तरकारी बालीहरुमा लाग्ने रोगकिराहरुको क्षति न्युनिकरण गर्न विषादी तथा शुक्ष्म खाद्यतत्व प्रयोग गर्न कृषकहरु लाई पावर स्प्रेयर वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उद्देश्य:

(क) तरकारीबाली हरुमा लाग्ने रोगकिराको क्षति न्युनिकरण गर्ने।

(ख) उत्पादकत्व बृद्धि हुने।

(३) लक्षित समुहः कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

(४) प्रमुख क्रियाकलापहरु:

(क) पावर स्प्रेयर वितरण।

(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय:

(क) व्यवसायिक रुपमा तरकारी खेती गर्ने कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु लाई प्राथमिकता दिने।

(ख) स्थानिय दररेटका आधारमा लागत अनुमान तयार गरि सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

२९. कार्यक्रमको नाम: Pre Basic Seed (PBS) Demonstration with tuber

(१) परिचय:

आलुको बीउ आपुर्तिमा देखिएको समस्या लाई न्युनिकरण गर्नको लागि कृषक स्तरमा नै आलुको उन्नत बीउ उत्पादनको लागि कृषकहरु लाई आलुको पूर्व मूल बीउ Pre basic Seed (PBS) वितरण गरि आलुको उन्नत बीउ उत्पादनको क्षेत्र विस्तार गर्न यो कार्यक्रम संञ्चालन गरिनेछ।

(२) उद्देश्य:

(क) स्थानिय स्तरमै गुणस्तरिय बीउ आलुको उत्पादन गर्ने।

(ख) स्वस्थ बीउ उत्पादन हुने, उत्पादन लागत कम गर्ने।

(ग) कृषकहरुको आय स्तरमा वृद्धि हुने।

(३) लक्षित समुह: कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

(४) प्रमुख क्रियाकलापहरु:

(क) बीउ उत्पादन गर्न इच्छुक कृषक, कृषक समुह/सहकारी लाई नु:शुल्क **Pre Basic Seed (PBS)** वितरण।

(ख) प्राङ्गारिक मल वितरण।

(ग) जैविक विषादी वितरण।

(घ) मल्चिङ्ग प्लष्टिक वितरण।

(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय:

(क) विगत ४-५ बर्ष देखि आलु खेती गर्दै आइरहेका बीउ उत्पादन गर्न ईच्छुक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु लाई प्राथमिकता दिने।

(ख) कार्यक्रमको लागत अनुमान तयार गरि सरकारी श्रोत केन्द्रहरु बाट गुणस्तरिय **Pre Basic Seed (PBS)** बीउ व्यवस्थापन लगायत सामाग्री वितरणमा खर्च गर्न सकिनेछ।

(ग) **Pre Basic Seed (PBS)** बाट उत्पादन भएको बीउ आलु लाई खायनमा प्रयोग गर्न तथा विक्रि वितरण गर्न पाइने छैन।

**३०.कार्यक्रमको नाम: Mulching Plastic Support**

(१) परिचय:

आलुखेतीमा सिंचाई, गोडमेल तथा झारपातको समस्या लाई मध्यनजर गर्दै उत्पादन लागत न्यूनिकरणको लागि मल्चिङ्ग प्लाष्टिक वितरण सञ्चालन गरिनेछ।

(२) उद्देश्य:

(क) माटोमा चिस्यानको मात्रा कायम राख्ने।

(ख) गोडमेल तथा झारपात हटाउन लाग्ने ज्यामी खर्च बच्ने।

(ग) उत्पादकत्व वृद्धि हुने।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(३) लक्षित समुहः कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

(४) प्रमुख क्रियाकलापहरुः

(क) व्यवसायिक रुपमा आलुखेती गर्ने कृषकहरु लाई मल्चिङ्ग प्लाष्टिक वितरण।

(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषयः

(क) व्यवसायिक रुपमा आलुखेती गर्न ईच्छुक कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु लाई प्राथमिकता दिने।

(ख) कम्तिमा ५ रोपनीमा आलु खेती गर्ने कृषकहरु लाई मात्र अनुदानमा मल्चिङ्ग प्लाष्टिक उपलब्ध गराउने।

(ग) स्थानिय दररेटका आधारमा लागत अनुमान तयार गरि सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

३१. <u>कार्यक्रमको नामः</u> **<u>Large Plot establishment with improved technologies (seed, manure, organic pesticides, mechanization, training included package</u>**

(१) परिचयः

आलुखेतीको प्रविधि विस्तार र उत्पादन क्षेत्र विस्तार गरि आलुको उत्पादकत्व बृद्धि गर्नका लागि लागि बृहत आलु उत्पादन प्लट स्थापना कार्यक्रम सञ्चालन गरिनेछ। यस अन्तर्गत गुणस्तर युक्त बीउ आलु नतिजा प्रदर्शन, आलु बालीमा रोगकिरा व्यवस्थापन प्रदर्शन तथा आलु बालीमा उन्नत प्रविधि नतिजा प्रदर्शन कार्यक्रम पनि सञ्चालन गर्न सकिने छ।

(२) कार्यक्रमको उद्देश्यः

(क) बृहत क्षेत्रफलमा आलुको उत्पादन प्लट स्थापना गर्ने।

(ख) कृषकहरु लाई आलु खेती सम्बन्धी नविनतम प्रविधि प्रसार गर्ने।

(ग) आलुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने।

(३) लक्षित समुहः कृषि उद्यमी, कृषक समूह, कृषि/कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समितिहरु।

(४) प्रमुख क्रियाकलापहरुः

(क) उत्पादन सामाग्री सहयोग (तालिम, बीउ वितरण, प्राङ्गारिक मल, जैविक विषादी, पावर टिलर, ग्रेडिङ मेसिन)।

(५) अपेक्षित उपलब्धिहरुः

(क) कृषकहरु चक्लाबन्दी खेती गर्न प्रोत्साहित हुने ।

(ख) उत्पादन तथा उत्पादकत्व बृद्धि।

(ग) आलुको उन्नत प्रविधिहरु जस्तै उन्नत तथा सिफारिस जात तथा अन्य परिस्कृत प्रविधिबारे कृषक समक्ष पुर्याई प्रविधि अनुसरण गराउने।

(६) अनुदान प्रतिशतर अधिकतम सीमाः यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषयः

(क) प्रदर्शनस्थल छनौट गर्दा चक्लाबन्दीमा खेती गर्न इच्छुक समुदाय, सिंचाई सुविधा, यातायातको सुविधा, आलुखेतीको लागि उपयुक्त क्षेत्र छनौट गर्नुपर्दछ ।

(ख) कम्तीमा ५० रोपनी क्षेत्रफल भएको क्लष्टरमा एउटा प्रदर्शन प्लट स्थापना गरिनेछ ।

## ३२. कार्यक्रमको नामः Pumpset Distribution

(१) परिचयः

कृषि उत्पादनको महत्वपुर्ण अंगको रुपमा रहेको सिंचाई लाई कृषकहरुको खेतवारीमा सहज रुपमा पुऱ्याउनको लागि आलु तथा तरकारी खेती गर्ने कृषकहरु लाई नजिकैको खोला वा नदीबाट खेत सम्म सिंचाई गर्नका लागि पम्पसेट वितरण कार्यक्रम संचालन गरिनेछ ।

(२) उद्देश्यः

(क) कृषकहरुको बालीनालीमा सिंचाई सुविधा पुऱ्याई उत्पादनमा वृद्दि गर्नु।

(ख) नजिकैको खोला वा नदीको पानी लाई कृषकहरुको खेतवारीमा पुऱ्याउनु।

(ग) उत्पादन बृद्धि भइ आम्दानीमा बृद्धि गराउनु।

(३) लक्षितसमुहः आलु र तरकारी खेती गर्ने कृषक/कृषक समुह/कृषि सहकारी/कम्पनी/ फर्महरु।

(४) प्रमुख क्रियाकलापहरुः

(क) सिचाई पम्पसेट वितरण।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(५) अपेक्षित उपलब्धिहरु:

(क) उत्पादन तथा उत्पादकत्व वृद्धि सहयोग पुग्नेछ।

(ख) व्यवसायिक उत्पादन बद्धि भई व्यवसायिकरणमा टेवा पुग्नेछ।

(६) अनुदान प्रतिशत र अधिकतम सीमा: यस कार्यविधिको दफा ५ बमोजिम हुनेछ।

(७) न्यूनतम मापदण्ड /प्रासङ्गिक बिषय:

(क) न्युनतम ५ रोपनी क्षेत्रफलमा आलु वा तरकारी खेती गर्ने कृषकहरुलाई आवश्यकताको आधारमा प्रचलित स्थानिय दररेट अनुसार लागत अनुमान तयार गरी सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ।

३३. कार्यक्रमको नाम: Grading machine support

(१) परिचय:

व्यवसायिक रुपमा आलुखेती गर्ने कृषकहरु लाई आलुको दाना ग्रेडिङ गरि सो अनुसारको मूल्य प्राप्त गर्न, बजारको माग अनुसार आपुर्ति गर्न र पोष्टहार्भेष्ट क्षति न्युनिकरण गर्नको लागि ग्रेडिङ मेसिन सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) उद्देश्य:

(क) साइज अनुसार आलु ग्रेडिङ्ग गर्नु ।

(ख) स्वस्थ आलु उत्पादन ।

(ग) कृषकहरु लाई व्यवसायिकरण तर्फ जान उत्प्रेरित गर्ने ।

(३) लक्षित समुह: कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्बन्धी सहकारी, कृषि फर्महरु।

(४) प्रमुख क्रियाकलापहरु:

(क) आलु ग्रेडिङ मेसिन वितरण ।

(५) न्यूनतम शर्त/मापदण्ड /प्रासङ्गिक बिषय:

(क) व्यवसायिक रुपमा आलु र तरकारी खेती गर्ने कृषक, कृषि उद्यमी, कृषक समूह, /कृषि सम्वन्धी सहकारी, कृषि फर्महरु लाई प्राथमिकता दिने ।

(ख) स्थानिय दररेटका आधारमा लागत अनुमान तयार गरि सो को आधारमा न्युनतम लागत तोकि खर्च गर्न सकिनेछ ।

राज सम्पन्न चौधरी
गा.पा. अध्यक्ष

३४.माटो परीक्षन कार्यक्रम soil test program

१.परिचयः कृषि जन्य उत्पादनका लागि अति आवश्यक अंगकोरुपमा रहन्छ यस अन्तर्गत माटोको PH तथा माटोमा बिध्यमान बालिका लागि आवश्यक बिभिन्न खाद्य तत्व हरुको मात्रको अवस्था केकस्तो छ र कुन तत्व सिफारिस मात्रा कतिहो र कुन माटोमा कस्ता बाली लगाउनु उपयुक्त हुन्छ सोको निर्णयका लागि यो कार्यक्रम संचालन गरिन्छ।

२.उद्देश्य

क. कृषकको खेतवारीको माटोका अवस्था PH, शुक्ष्म खाद्यतत्व , तथा मलखादको जानकारी पाउनु।

ख. संतुलित मात्रामा मलखाद तथा शुक्ष्म तत्व प्रयोग गर्न सक्नु ।

ग. माटोको भौतिक तथा रासायनिक अवस्था सुधार जर्नु ।

घ. बालीलाई रोग किरा मुक्त वनाउनु ।

ङ.उत्पादनमा वृद्धि ।

३. लक्षित समुहः यस गा.पा. भित्र का सम्पुर्ण किसानहरु

४.प्रमुख क्रियाकलाप : कृषक कृषक समुह तथा सहबकारीमा आवद्ध कृषकहरुको जग्गको माटोको नमुना लिई माटो जाँच गरी रिर्पोट दिने ।

५.आपेक्षित उपलब्धी :

क.माटोको अवस्था सुधार

ख.स्वस्थ वाली उत्पादन

ग.उत्पादन उत्पादकत्व वृद्धि

घ. कृषकको आयमा वद्धि

६.अनुदान प्रतिशत र अधिकतम सिमा : निशुल्क गरिनेछ ।

७.न्युनतम मापदण्ड /प्रासङगीक विषय : कृषकको आवश्यकताको आधारमा नेपाल सरकारको आर्थिक मापदण्डको अवलम्वन गरी प्रत्येक वर्ष पजेट विनियोजन गरी माटो जाँच गर्न सकिनेछ ।

१.Micronutrient (Zinc ) support :

परिचय :Zinc बाली विरुवाको शारीरिक पुष्टताका लागी नभै नहुने तत्व हो जींक तत्वको कमीका कारण विभिन्न वालीमा विभिन्न विकृती तथा रोगहरु देखा पर्न सक्छन सो समस्या आउनवाट वाली वचाउन कृषकहरुलाई जींक वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ।

२.उद्देश्य

क.माटोमा विधमान शुक्ष्म तत्व कमिको परिंपुर्ती गर्नु

ख.निरोगी विरुवा उत्पादन गर्नु

ग.उत्पादनमा वृद्धि

३.लक्षित समुह : कैलारी गाउँपालिका भित्रका सवै कृषकहरु।

४. प्रमुख क्रियाकलाप

क.जिंक वितरण

५.आपेक्षित उपलब्धी

क.माटोको अवस्था सुधार

ख.निरोगी विरुवा तथा गुणस्तरीय उत्पादन

ग.उत्पादन तथा उत्पादकत्व बृद्धि

६.अनुदान प्रतिशत/अधिकतम सिमा

क.निशुल्क जिंक वितरण गरिनेछ ।

७. न्युनतम मापदण्ड /प्रासंङ्गिक विषय

माटो जाँच प्रतिवे दनका आधारमा र वालीहरुमा देखिएको **Zinc Deficiency** का आधारमा गाउँपालिका भरिका कृषकहरुलाई **Zinc** वितरण गरिनेछ।

## परिच्छेद ४

## विविध

**३४. सार्वजनिक सुनुवाई र विवरण प्रकाशन गर्नु पर्ने:**

(१) कार्यक्रमको विषयमा पारदर्शिताको लागि सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) अनुदानग्राही लाई अनुदान उपलब्ध गराउने सम्वन्धित कार्यालयले अनुदान सम्वन्धी विवरण वेबसाइटमा (वेबसाइट नभएको हकमा सूचनापाटी वा वुलेटिन मार्फत) नियमितरूपमा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ।

(३) सम्बन्धित कार्यालयले अनुदानको अभिलेख राखी सो को विवरण अद्यावधिक समेत गर्नुपर्नेछ।

(४) सञ्चालन भएको कार्यक्रमको वारेमा अनुदानग्राहीले अनुसूची ४ बमोजिमको जानकारीमूलक होर्डिङ्ग बोर्ड कार्यक्रम स्थालमा राख्नुपर्नेछ।

**३५. बीमा गर्नु पर्ने:**

(१) यस कार्यविधि अनुसार नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले सम्भव भए सम्म कृषि बीमा गर्नु पर्नेछ।

(२) यो कार्यविधि अनुसार व्यवसायिक कार्यका लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीले फर्म/भौतिक पूर्वाधारको समेत बीमा गर्न सक्नेछ।

(३) अनुदानग्राहीले कृषि सम्बन्धी बीमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार अनुदानग्राही स्वयं हुनु पर्नेछ।

राज समरूक चौधरी
गा.पा. अध्यक्ष

**३६. पुरस्कार, असुल उपर र कारवाही (सजाय) को व्यवस्था:**

(१) तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरीय कार्य सम्पन्न गर्ने अनुदानग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ ।

(२) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(३) सम्झौता बमोजिम सम्पन भएको कार्यहरु मध्ये कुनै सम्पन्न कार्यहरु विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थिति बाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (मुचुल्का, स्थानीय तहको सिफारिस/प्रहरी प्रतिवेदन कागजात/ प्रमाण) विवरण सहित एक महिनाभित्र अनुदान प्राप्त गरेको निकायमा लिखित जानकारी गराउनु पर्नेछ । स्तो अवस्थामा सम्वन्धित समितिको निर्णयानुसार हुनेछ ।

**३७. अनुदानग्राहीलाई दिइने अनुदान उल्लेख गर्नु पर्ने:**

यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीहरुले सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तहरुमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ।

**३८. दोहोरो सुविधा लिन नपाउने:**

अनुदानग्राहीले एउटै कामको लागि संघ, प्रदेश वा स्थानीय तह वा एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन। तर अन्य साझेदार निकायसंग स्पष्टसंग सम्झौता भई लागत इष्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न वाधा पर्ने छैन । अनुदान प्रवाह गर्दा विगतमा अनुदानप्राप्त नगरेकाहरू लाई प्राथमिकता दिइनेछ । तर वहुवर्षिय प्रकृतिका आयोजना तथा एकै कृषक/फर्म/समुह वा अन्य अनुदानग्राहीले सम्झौतामा स्पष्ट पारी फरक कार्य गर्ने गरि अनुदान प्राप्त गर्न बाधा पर्ने छैन।

**३९. जिम्मेवार हुने:**

क. सशर्त अनुदान उपयोग गर्दा वित्तिय अनुशासन कायम गर्नुपर्ने एवं वित्तिय उत्तरदायित्व वहन गर्नु पर्ने छ ।

ख. अनुदान लगायतका सहायता वितरण कार्यको गुणस्तर र सो सम्बन्धी वित्तीय जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ ।



राज समरूक चौधरी
गा.पा. अध्यक्ष

CamScanner

ग. कुनै विशेष कारणवश वा काबु बाहिरको परिस्थिति वाहेक अनुदान ग्राहीको कारण बाट सम्झौता अनुरुप तोकिएको समय सीमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदान ग्राही स्वयं जिम्मेवार हुनेछ ।

**४०. सम्झौता बमोजिम हुने:**

(१) यस कार्यविधि अनुरुप सञ्चालन हुने क्रियाकलाप तथा सुविधाको प्रयोग सम्झौतामा तोकिए बमोजिमको प्रयोजनका लागि मात्र गरिनेछ र कार्यक्रम संचालन गर्ने निकायको पूर्व स्वीकृति बेगर तोकिएको अवधि भित्र कुनै प्रकारको फेरबदल वा संरचनाको स्वरुप परिवर्तन, बिक्री वितरण कार्य गर्न पाईने छैन।

(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भएपछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ ।

**४१. कार्यक्रमको दोहोरोपना:**

कार्यक्रम लाई प्रभावकारी र व्यवस्थित वनाउन संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह र अन्य कुनै निकायबाट कार्यान्वयन हुने समान कार्यक्रम तथा आयोजनाहरु संग दोहोरो पना नहुने गरि आवश्यक समन्वय गरेर कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**४२. गुनासो व्यवस्थापन:**

(१) अनुदानग्राहीको अनुदान प्राप्तिका क्रममा कुनै गुनासो भएमा सो सम्बन्धमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तह सँगको गुनासो स्थानीय तहबाटै गुनासो व्यवस्थापन गर्नुपर्नेछ ।

**४३. विविध:**

(१) अनुदान कार्यक्रमका अतिरिक्त कृषि प्रसार सेवा, विशेष कृषि कार्यक्रम एवं कृषक लाई प्रोत्साहन सम्वन्धी कार्यक्रमहरुको खर्चको सीमा स्थानीय तहले तोके बमोजिम हुनेछ ।

(२) स्वीकृत अनुदान रकममा कार्यक्रम संचालन गर्दा कर कट्टि रकम पालिकाको तर्फबाट खर्च गरिनेछ USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G) बाट खर्च गर्न पाइने छैन । कर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।



राजु सम्भक चौधरी
गा.पा. अध्यक्ष

(३) हरेक आगामी आर्थिक बर्षको लागि आवश्यक पर्ने सशर्त **USAID एग्रिकल्चरल डाइरेक्ट फाइनान्सिङ्ग प्रोजेक्ट (G2G)** कार्यक्रम स्थानीय तहले बजेट अनुमान गरी फाल्गुन मसान्त भित्र संघीय मन्त्रालयमा पठाउन सक्नेछ ।

**४४.व्याख्या र बाधा अडकाउ फुकाउः**

(१) यस कार्यबिधिको आवश्यक व्याख्या मन्त्रालयले गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा बाधा अडकाउ परेमा कार्यविधिको उद्देश्य विपरित नहुने गरी निर्देशक समितिको सिफारिसमा मन्त्रालयले बाधा अडकाउ फुकाउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भए पनि आर्थिक पक्षमा प्रभाव पर्ने बिषयमा अर्थ मन्त्रालयको सहमति बमोजिम मन्त्रालयले कार्यविधिमा संशोधन गर्न सक्नेछ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष



CamScanner

अनुसूची – १

(परिच्छेद २ को दफा ८(क) सँग सम्बन्धित)

**............................कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना (नमूना)**

सूचना।सूचना।।सूचना।।।

यस.................................................................................को आर्थिक वर्ष............ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार...... अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा ........................... स्थानीय तहका कृषि व्यवसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक बाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले...........दिन भित्र.................कार्यालयमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धी थप जानकारीका लागि वेवसाईट................................ वा फोन नं. ................................मा सम्पर्क गर्न सकिनेछ।

<u>आवश्यक कागजात:</u>

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. कृषि व्यबसाय गर्ने अनुसूची अनुसारको प्रस्ताव (ब्यवसायिक उत्पादनको हकमा
३. निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी
४. निजी फर्मको हकमा गत आ.व. सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित स्थानीय तहको प्रमाण
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
६. प्रतिवद्धता पत्र
७. आयोजना सम्बन्धी अन्य आवश्यक कागजातहरु

नोटः- सूचनामा ब्यवसायिक वा लक्षित वर्ग बिशेष कार्यक्रम छुट्याई प्रकाशन गर्न सकिने छ ।

## अनुसूची -२
(परिच्छेद २ को दफा ८(ख) सँग सम्बन्धित)

### अनुदानको लागि पेश गर्ने निवेदनको ढाँचा (नमूना)

मितिः

विषयः अनुदान उपलब्ध गराइदिन हुन ।

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु
कैलारी गाउपालिका हसुलिया ।

महोदय
तहाँ कार्यालयबाट मिति...........................मा प्रकाशित सूचना अनुसार सञ्चालन हुन लागेको .............................कार्यक्रमको उद्देश्य, लागत, समयावधि, लाभान्वित जनसंख्या लगायतको विवरण तपसिलमा उल्लेख गरिएको छ । कार्यक्रम सञ्चालन गर्न आर्थिक/वस्तुगत/लागत साझेदारी सहयोग आवश्यक परेको हुँदा अनुदान उपलब्ध गराइदिन हुन अनुरोध गर्दछौं/छु ।

**तपसिलः**
अनुदानग्राहीको नामः
ठेगानाः
स्थानीय तह/ प्रदेशः
वडा नः
कार्यक्रमको नामः
कार्यक्रमको उद्देश्यः
अनुदान रकम आवश्यक पर्नुको कारणः
सञ्चालन गरिने कार्यक्रमः क्रमागत भए गत आ.व. सम्मको लेखापरीक्षण प्रतिवेदन
कार्यक्रम सञ्चालन गर्न लाग्ने कूल लागतः
कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः
कार्यक्रम सञ्चालन गर्ने कार्ययोजनाः
कार्यक्रमबाट लाभान्वित जनसंख्याः

निवदेक
कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/ उद्यमी कृषक
अध्यक्ष/प्रतिनिधिको दस्तखतः
नाम थरः
पदः
सम्पर्क फोन नं:
मितिः
संस्थाको छाप

अनुसूची – ३

(परिच्छेद २ को दफा १० (ख) सँग सम्बन्धित)

**सम्झौताको ढाँचा (नमूना)**

योसम्झौतापत्र कैलारी गाउपालिका कैलाली (यस पछि पहिलो पक्ष भनिएको) र ............................ कृषि फार्म /उद्यमी कृषक.....................कैलारी गाउपालिका वडानं......टोल .................... (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त वमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

यो सम्झौता, सम्झौता भएको मिति ............ देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत प्रस्तावना/इष्टिमेट वमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति:........साल........महिना.....गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।

१. यस सम्झौता बमोजिमको .............................. कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण कार्य दोस्रो पक्ष आंफैले गर्नुपर्नेछ । दोस्रो पक्ष आंफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

२. सम्झौता वमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु. (अक्षरेपी................) र दोस्रो पक्षको लागत सहभागिता रु..........(अक्षरेपी) व्यहोरिनेछ।

३. दोस्रो पक्षले सम्झौता बमोजिमको..................... कार्यक्रम अन्तरगत.............................व्यवसाय/उद्यम सञ्चालनका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैह्रसरकारी संघ संस्थावाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

४. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले ....................कार्यक्रम अन्तर्गत.......................व्यवसाय सञ्चालन सम्वन्धी कार्यको सार्वजनिक जानकारीका लागि Public Audit गराउनुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष विल पेश भए पश्चात सम्बन्धित दोस्रो पक्षको नाममा एकाउन्ट पेई चेक मार्फत भुक्तानी दिनेछ।

७. दोस्रो पक्षको लापरवाहीको कारणवाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

८. दोस्रो पक्षले स्वीकृत प्रस्तावनाको कार्य तालिका बमोजिम .......... मिति सम्म यो सम्झौता वमोजिमको सम्पूर्ण कार्य (स्वीकृत प्रस्तावना/इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

९. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।



राज सम्झक चौधरी
गा.पा. अध्यक्ष

१०.कार्यविधिको खण्डबाट सम्झौतामा अनिवार्य उल्लेख हुनुपर्ने विषयहरू

११.कार्यक्रम संग प्रासङ्गिक अन्य विषयहरू (आवश्यक भएमा)

१२.कार्यक्रमको विस्तृत ल.इ.डिजाइन संलग्न बमोजिम हुनेछ (आवश्यक भएमा)।

१३.भुक्तानी हुने खाता नम्वरः

नामः

खाता नम्वरः

१४. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरु मा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| पहिलोपक्ष | दोस्रो पक्ष |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| मिति | मिति |
| कार्यलयकोछाप | संस्थाकोछाप |

रोहवर

| | |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| ठेगाना | ठेगाना |
| मिति | मिति |

मितिः २०८..।....महिना ।....गते

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

अनुसूची ४

(परिच्छेद ४ को दफा ३२ को उपदफा (४) सँग सम्बन्धित)

<u>होर्डिङ्ग वोर्ड (नमूना)</u>

(साइजः ३ फिट x २ फिट)

कैलारी गाउपालिका

हसुलिया कैलाली

१.आयोजनाको नामः

२.आयोजना सञ्चालनगर्ने व्यक्ति/फर्म/ सहकारी/संस्थाको नामः

३.ठेगानाः

४.आयोजनाको कूल लागतः रू

५.अनुदान रकमः रू

६.अनुदानग्राहीको योगदान रू

७.अन्य साझेदार निकायको सहभागिताः रू

८.आयोजनाको अवधीः२०८ ।...।.... देखि २०८ ।....।....

९.लाभग्राहीहरूको संख्याः.........महिला..........पुरूष ........अन्य

अनुसूची – ५

(परिच्छेद २ को दफा १२ को उपदफा (२)(अ) सँग सम्बन्धित)

## त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदनको ढाँचा

**क) परिचयात्मक विवरण**

१. आर्थिक बर्ष:

२. कार्यालयको नामः ................

३. प्रगति प्रतिवेदनको अवधीः................

**ख) प्रगति विवरण**

४. वित्तिय प्रगति

| क्र. सं. | कार्यक्रम/ क्रियाकलाप | बार्षिक विनियोजित बजेट (रु हजारमा) | ......त्रैमासिक विनियोजित बजेट (रु हजारमा) | हाल सम्मको खर्च (रु हजारमा) | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

५. भौतिक प्रगति, प्रतिफल तथा प्रगति नपुगका कारणहरु

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | एकाई | बार्षिक लक्ष्य | ......... त्रैमासिक लक्ष्य | ......... त्रैमासिकप्रगति | हालसम्मकोप्रगति | मुख्य मुख्य प्रतिफलहरुको विवरण | प्रगति नपुगका कारणहरु |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |

**ग) लाभान्वित कृषक/ अनुदानग्राहिहरुको विवरण:**

| क्र.सं. | अनुदानग्राहिको नाम (व्यक्ति/ फर्म/ कम्पनी) | ठेगाना | सम्पर्क नं. | अनुदानको विवरण (के का लागि कति) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

राज सम्झक चौधरी
गा.पा. अध्यक्ष

घ) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानका उपायहरु:

| क्र.सं. | कार्यक्रम/ क्रियाकलाप | कार्यक्रम कार्यान्वयनका प्रमुख समस्याहरु | समाधानार्थ अपनाइएका उपायहरु | प्रभावकारी कार्यान्वयनका लागि सुझावहरु |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**तयार गर्ने**

नामः

पदः

दस्तखतः

**प्रमाणित गर्ने**

नामः

पदः

दस्तखतः

१.आधारभुत जानकारी

सम्पर्क व्यक्तिको नाम :....................................

ठेगाना :..........................................

समुहको नाम :............................

सम्पर्क न.:..........................................

प्रस्तावित कार्यक्रमको नाम :.........................

संचालित कार्यक्रमको स्थान

२. माग गरेको सामग्रीको विवरण

| क.स. | सामग्रीको नाम | परिमाण | ब्राण्ड | अनुदान रकम | समुहले व्यहोर्ने रकम | गाउँपालिकाले व्यहोर्ने रकम | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

राज समरक चौधरी
गा.पा. अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. उत्पादन विवरण :

| सि.नं. | बाली वस्तु | परिमाण | औषत मुल्य | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४. लाभान्वीत परिवार संख्या ......................

५.उत्पादित वस्तुको प्रशोधन तथा बजारीकरण छ/छैना

६. कार्यक्रमको दिगोपन ..........................................

..........................................................................................

राज समस्क चौधरी
गा.पा. अध्यक्ष

*******